

परिवर्तन समूहका सदस्यहरु नियमित मासिक बैठक बस्दै,
केदारअखडा, बोगाटन फुडसिल गाउँपालिका, डोटी

तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।


यू.एम.एन. केन्द्रीय कार्यालय
पोष्ट बक्स नं. १२६, काठमाडौं
१६६००१२८११८ (निःशुल्क फोन नं.)
९८४७३८७०३०, ९८६५९६०३६०
feedback@umn.org.np
feedback.dt@umn.org.np
www.umn.org.np/feedback


**साझेदार संस्थाहरु**

आर.सी.डी.सी.

सिड नेपाल

**कार्यालय**


यू.एम.एन. डोटी क्लष्टर
जोरायल गाउँपालिका, वडा नं. २
बुडर, डोटी
फोन नं. ०९४ ४१००५९
doti@umn.org.np
www.umn.org.np






# वार्षिक प्रगति

## यू.एम.एन. डोटी

## २०८०/२०८१



रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन

# प्रमुख उपलब्धिहरु

यूनाईटेड मिसन टु नेपाल डोटी क्लष्टर विगत १५ वर्षदेखि डोटी जिल्लाको सामुदायिक विकासका लागि कार्यरत एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । हाल बोगटान फुड्सिल र बडीकेदार गाउँपालिकाहरुमा समान पहुँच विकास केन्द्र (सिड नेपाल) र ग्रामीण सामुदायिक विकास केन्द्र (आर.सी.डी.सी) सँगको साझेदारीमा बालबालिका केन्द्रित उत्थानशील विकास (कोर्ड), स्वास्थ प्रणाली सुधार (स्वास्थ्य), वातावरणीय दिगोपनका लागि जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अनुकुलन परियोजना (क्लाइमेट्स), बडीकेदार एकीकृत सामुदायिक रुपान्तरण (बी.आई.सी.टी.) र अपाङ्गता पुनर्स्थापना जस्ता परियोजनाहरु सञ्चालन गरिरहेको छ ।

## परियोजनागत खर्च

कुल खर्चः ७,७५,१८,२२७




- आयआर्जनका लागि सहयोग — ३०४
- विपद् जोखिम न्यूनीकरण संरचना निर्माण — ८
- बालबालिकालाई शैक्षिक सामाग्री सहयोग — १६५
- किसानलाई कृषि सामाग्री सहयोग — ३६८
- ग्रामीण प्रविधिको सुधार/ पानी घट्ट पुनःनिर्माण — ५
- अपाङ्ग बालबालिकाहरुको उपचारमा सहयोग — १४
- पानीको मुहान पुनस्थार्पनाका लागि सहयोग — १०
- ८ — हावाहुरीको विपदबाट प्रभावित घरधुरीलाई छाना सहयोग
- १६१ — वृक्षारोपण
- १२६५ — किशोर किशोरीलाई प्रजनन् स्वास्थ्य शिक्षा
- १७ — खानेपानी तथा सरसफाईका संरचनाको निर्माण
- ८६ — कृषि औजार/ प्रविधि सहयोग
- ५ — साना कृषि सिंचाईको निर्माण
- १५ — स्थानीय स्वास्थ्य संस्थाहरुलाई सामाग्री सहयोग

### आत्मनिर्भर बन्दै सरस्वती

सरस्वती बम मल्ल, पाँच परिवारको साथ बोगटानमा बस्नुहुन्छ । १८ वर्षको उमेरमा नै विवाह गरेकी सरस्वतीको श्रीमान भारततिर मौसमी आप्रवासी कामदारको रुपमा बस्दै छ र पारिवारिक सम्बन्ध त्यति राम्रो नभएको हुनाले उनले आर्थिक रूपमा खासै सहयोग पाउँदिनन् । श्रीमानको साथ सहयोग नभएपछि उनको आर्थिक तथा सामाजिक अवस्था कमजोर हुन पुग्यो । यसै क्रममा सिड नेपालद्वारा सञ्चालित बालबालिका केन्द्रित उत्थानशील विकास परियोजना अन्तर्गत भएको समूहको सदस्य हुनुभयो । समूहमा सक्रिय हुँदै अहिले उनी समूहको अध्यक्ष भई समूह संचालन गर्दै हुनुहुन्छ । परियोजनाको सहयोगमा उहाँले सिलाईकटाईको व्यवसाय पनि शुरु गर्नुभयो, जसबाट आर्थिक उपार्जन गरी आफ्ना आर्थिक समस्याहरु समाधान गर्न र स्वनिभर्र हुन सहयोग पुगेको छ । हाल उहाँले स्थानीय सहजकर्ताको रुपमा आफ्नो समूहमा सचेतनाका विभिन्न विषयहरुमा नागरिक कक्षा पनि सहजीकरण गरिरहनुभएको छ ।

